


# नलगाड नगरपालिकाको प्रथम आवधिक योजना
# २०७६/०७७ - ०७८/०७९







२०७६

## शुभकामना

नेपाली समाजको आमूल परिवर्तनका लागि संचालित महान जनयुद्ध र जन आन्दोलनहरुमा वर्तमान नलगाड नगरपालिका क्षेत्र लगायत देशभरमा शहादत प्राप्त गर्नु हुने आदरणीय शहीदहरुका वलिदानीका कारण संविधान सभा मार्फत नेपालको इतिहासमा पहिलो पटक जारी गरिएको नेपालको संविधानले सयौं वर्ष देखि प्रतिष्ठा, अवसरवाट वन्चित नेपालीहरुलाई संघीय शासनमा जनताको पहुंच वढाउन स्थानीय तहलाई संवैधानिक रुपमा आधारभूत सेवा र विकासको अधिकार र जिम्मेवारीको व्यवस्था लाई सार्थक वनाउन नागरिकका मौलिक हकलाई कार्यान्वयन गर्न स्थानीय स्तरमा अधिकार, रोजाई र आवाज विहीन श्रमजिवी विपन्न जनताका अधिकार र सम्भावनामा आधारित विकासका प्राथमिकता, सवाल र आयामहरुलाई स्थानीय विकासमा संस्थागत रुपमा मूल प्रवाहीकरण गर्न जरुरी छ ।

राजनीतिक परिवर्तनले विकास गरेको जनताको चेतना स्तर, भूमण्डलीकरणका कारण विकसित अन्तरराष्ट्रिय अन्तर सम्वन्ध, जलवायु परिवर्तन लगायतका नयां सवालहरुले श्रृजना गरेका प्रतिकूलताहरु संग अनुकूलित हुने क्षमता कमजोर रहेको अवस्थामा विगतमा हाम्रा विकास प्रयासहरु र योजनाहरुको प्रतिफलको वितरणवारे सिकाई विश्लेषण तथा समीक्षा गर्दा वस्तुस्थिति र वैज्ञानिक आधारमा योजना तर्जुमा र कार्यान्वयन हुन नसक्दा विकासको प्रतिफलमा सामाजिक न्याय सुनिश्चित हुन सकेन । विकासका सवालमा लगानी अनुसारको प्रतिफल प्राप्त हुन नसकेको हुंदा दीगो र समावेशी विकास समग्र विश्वको विकासका लागि मार्ग निर्देशक सिद्धान्त स्थापित भएको सन्दर्भमा स्थानीय जनताका आधारभूत आवश्यकताको सम्वोधन गर्न श्रोत साधन र सम्भावनाको आंकलन गर्न अपरिहार्य भएको कुरा मध्यनजर राख्दै स्थानीय तहको योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ ले आवधिक योजना तयार गर्न ध्यानाकर्षण गराएको र स्थानीय सरकार संचालन ऐन, २०७४ ले पनि दीगो र समावेशी विकासको संस्थागत र योजनावद्ध एवं सुशासनयुक्त स्थानीय विकासको परिकल्पना गरेको छ ।

आदरणीय शहीदहरुका रगतले रक्तरंजित नलगाड नगरपालिका भित्रको भौगोलिक, सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक, प्राकृतिक र मानवीय जीवनका हरेक पक्षहरुका वारेमा जानकारी लिन, स्थानीय स्रोत, साधन, सीप र क्षमताको पहिचान गर्न र अधिकतम सदुपयोग गर्न, स्थानीय विकासमा नवीन सोंच र चिन्तन तथा विश्लेषणको विकास गर्न आवधिक योजना तयारी गर्न सफल भएकोमा हार्दिक वधाई ज्ञापन गर्दै दीगो तथा समावेशी विकासको अभियनमा **"समृद्ध र सफा नगर : दीगो विकास र सुशासनको लहर"** भन्ने नारालाई सार्थक वनाउन नलगाड नगरपालिका जाजरकोट र मेरो व्यक्तिगत हैसियतमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मिति २०७६ पौष २५

टेक बहादुर रावल

(नगर प्रमुख)

## शुभकामना मन्तव्य :

योजना कुनै पनि कार्य सञ्चालनको मार्ग निर्देशन हो । नगरपालिकाको समग्र नेतृत्व र विभिन्न विषयगत शाखाका कर्मचारी र अन्य सरोकारवालाहरुको सहभागितामा नलगाड नगरपालिकाको प्रथम आवधिक योजना तर्जुमा गरिएको छ नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ द्वारा प्रदत्त अधिकार क्षेत्र भित्र रही स्थानीय तहले गुणस्तरीय तथा प्रभावकारी सेवा दक्षताका साथ योजनावद्ध ढङ्गबाट सञ्चालन गर्नुपर्ने मान्यताका आधारमा यस नगरपालिकाले आफ्नो त्रि वर्षिय आवधिक योजना तयार गरेको छ ।

यसरी आवधिक विकास योजना तयार गरी प्रस्तुत गर्न पाउँदा समग्र नगरपालिका कार्यालय परिवारको तर्फबाट खुशी व्यक्त गर्दछु । नगरपालिकाको आफ्नो क्षेत्र भित्रको समग्र विकासका सम्भावनाहरु र वर्तमानलाई यथार्थ चित्रण गरी योजना तयार गरिएको छ । यस आवधिक विकास योजना तर्जुमा कार्यमा नगरपालिकालाई विभिन्न क्षेत्रबाट प्राविधिक, परामर्श तथा रायसुझाव प्राप्त भएको छ जसको परिणामस्वरूप यो कार्यालयले आफ्नो प्रथम त्रि वर्षिय आवधिक विकास योजना तयार गर्न सफल भएको हो । योजनामा नगरपालिका भित्रका विभिन्न श्रोत साधनको सम्भाव्यतालाई सवाल, प्राथमिकता, रणनीति र विकासका विशेषता तथा स्थानगत विशेषताहरू योजनामा समावेश गर्ने प्रयास गरिएको छ । यस आवधिक विकास योजना तर्जुमा प्रत्यक्ष योगदान पुऱ्याउने यस नगरपालिकाका जनप्रतिनिधिहरु, प्रमुख प्रशाशकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु, स्थानीय निजी क्षेत्र, बुद्धिजीवी, जेष्ठ नागरिकका साथै सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दै आवधिक विकास योजना तयार कार्यमा प्राविधिक सहयोग गर्नेपरामर्शदाता संस्था इन्भाइरोमेन्ट सर्भिसेज एण्ड इन्जिनियरिङ् कन्सल्टेन्सी (EnSEC) काठमाडौंका टिमलाई विशेष धन्यवाद दिन चाहन्छु । आगामी दिनहरुमा नगरको आवधिक विकासको लागि नीति तथा कार्यक्रमका साथै बजेट विनियोजन देखि कार्यान्वयनका चरणहरु सम्ममा यस योजनालाई प्रभावकारी रुपमा प्रयोजनमा ल्याइने कुरा नगरपालिका वासी सामु प्रतिबद्धता जाहेर गर्दै यस कार्यमा नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारी, राजनैतिक दल, शिक्षक, व्यापारी, बुद्धिजीवी, नागरिक समाज, पत्रकार लगायत सम्पूर्ण नगर वासीहरुबाट सहयोगको अपेक्षा समेत गर्दछु ।

धन्यवाद ॥

बालकुमारी बस्नेत
(उपप्रमुख)

## कृतज्ञता

आफूले चुनेका जनप्रतिनिधीहरुले आफ्नो संविधान लेख्ने करिव ६५ वर्ष पुरानो चाहनाको प्राप्ति पश्चात प्राप्त नेपालको संविधानले नेपाललाई संघिय संरचनामा पुर्न संरचित गरेर स्थानीय तहहरुलाई एक स्वशासित, अविछिन्न उत्तराधिकारवाला संस्थाको रुपमा स्थापित गरेको छ । नयाँ पुर्नसंरचना सँगसगै स्थानीय स्तरको समग्र विकासको जिम्मेवारी स्थानीय तहमा आएको छ । यो एक ऐतिहासिक अवसर हो र यस अवसरको सदुपयोग गरेर समग्र नगरको सकारात्मक रुपान्तरण हाम्रो दायित्व, जिम्मेवारी र कर्तव्य हो । तीन तहको सरकार मध्ये जनताको दिनानु दिनका अवस्थासँग प्रत्यक्षरुपमा सरोकार र साझेदार गर्ने सरकारको रुपमा रहेको स्थानीय सरकारका सामु स्थानीय विकास र समृद्धिका लागि महत्वपूर्ण जिम्मेवारीहरु रहेका छन ।

नेपालको संविधानले र स्थानीय सरकार संञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरेका काम, कर्तव्य र अधिकारहरुको सदुपयोग गर्दै, स्थानीय स्तरमा उपलब्ध श्रोत र साधनहरुको समुचित व्यवस्थापन र सदुपयोग गर्दै, समुदायमा आधारित संघ संस्थाहरु, गैर सरकारी संघ संस्थाहरु, व्यापारीक प्रतिष्ठानहरु, नीति तथा सार्वजनिक संस्थाहरु, विकास साझेदारहरु, स्थानीय सरकार, प्रादेशिक सरकार, संघिय सरकारसँग सहकार्य गर्दै नलगाड नगरपालिकाको सुन्दर भाग्य र भविष्यको सुनिश्चितता गर्ने दृढ अठोट गर्दै योजनावद्ध तवरवाट कार्यक्रमहरु सञ्चालन गर्न यो ३ वर्षे प्रथम आवाधिक योजना तर्जुमा गरि लागु गरिएको छ ।

निकै नै सहभागीतात्मक प्रकृयाद्धारा यो योजना तयार गरिएको छ । यस योजना तयारीको क्रममा सहयोग गर्नुहुने नगर प्रमुख, उपप्रमुख सवै वडा अध्यक्षहरु लगायतका जन प्रतिनिधीहरु, कर्मचारीहरु, समाजसेवी, बुद्धिजिविहरु र विज्ञहरुको सहयोग उपलब्ध गराउनु हुने इन्भाइरोमेन्ट सर्भिसेज एण्ड इन्जिनियरिङ् कन्सल्टेन्सी (EnSEC)काठमाडौंका टोलि नेता संजित कँडेल, सुशासन विज्ञ खिम बहादुर रेग्मी साथै वातावरण विज्ञ विमल प्रसाद उपाध्याय लगायतका प्राविधीक विज्ञ समुहका सदस्यहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

सुरेन्द्र सिंह

(निमित्त प्रमुख प्रशासकीय अधिकृत)

## प्रकाशकिय

नेपाल राज्य पुनर्संरचनाको प्रक्रियामा गुज्रीरहेको छ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा संघीय शासनका ३ तह मध्य स्थानीय तहहरु नै जनताका सवै भन्दा नजीकका सरकारका रुपमा जनप्रतिनिधिमूलक स्वरुपमा जनताको जीवन रुपान्तरमा लागि परेको अवस्था छ ।

एक्काइसौ शताब्दीको आजको युग सूचना प्रविधिको युग भएको र सूचना प्रविधिको विकास विना कुनै पनि देशले विकासको फड्को मार्न नसक्ने तीतो सत्यलाई स्वीकार्दै स्थानीय तहहरुले आफ्नो क्षेत्रका जनताको जीवन अवस्थाको झलक आउने गरी वस्तुस्तिति विवरण तयार गर्न प्रचित कानूनले निर्देशित गरेका छन् ।

सूचना प्रविधिको प्रयोगले योजना तथा कार्यक्रम छनौट तथा प्राथमिकीकरण, स्थानीय श्रोत, साधन र संभावनाको पहिचान तथा परिचालन, उपलब्ध सिमित श्रोत साधनको प्रभावकारी परिचालन, विकासका प्रयासहरुको प्रगति मापन र निर्णय प्रक्रियामा सकारात्मक हस्तक्षेप गरी समाजको अग्रगामी परिवर्तनमा ठूलो भूमिका खेल्न सक्दछ ।

यस तथ्यलाई ह्दयाङ्गम गरी नेपालको कर्णाली प्रदेशमा पर्ने जाजरकोट जिल्लाको नलगाड नगरपालिकाको वस्तुस्थिति विवरण तयार गरिएको छ । वडा स्तरको वस्तुस्थिति विवरण तयार गर्ने वडा एवं नगरको यो पहिलो प्रयास हो । यस वस्तुस्थिति विवरण तयारीमा नलगाड नगरपालिका कार्यपालिका, नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र सिंह सहित कर्मचारी परिवार, नगर स्तरीय प्रोफाइल तयारी कार्यदल र परामर्शदाता राजेन्द्र विक्रम शाह प्रति हामी विशेष धन्यबाद दिन चाहन्छौ । यस क्रममा नलगाड नगरपालिकाका राजनीतिक दलका प्रतिनिधि, नगर कार्यपालिकाको कार्यालय र विषयगत शाखाका कर्मचारी, विभिन्न गैर सरकारी संघ/संस्था तथा सामुदायिक संस्थाको सहयोग र योगदानको उच्च कदर गर्दछौं ।

वस्तुस्थिति विवरण तयार गर्न घरधुरी, वस्ती, तथा वडा र नगरपालिका तहका सूचना उपलब्ध गराउनु हुने व्यक्तिहरु प्रति नलगाड नगरपालिका आभार व्यक्त गर्दछ भने तथ्याङ्क संकलनमा परिश्रम गर्नु हुने सूचना संकलकहरुका साथै कम्प्यूटर तथा अनुसन्धान सहायक त्रय इन्द्र वहादुर वली, चित्र वहादुर थापा र वुद्धि वहादुर ध्यार पनि धन्यबादका पात्र हुनु हुन्छ ।

यो कार्य हाम्रो पहिलो प्रयास हो र सीमित श्रोत, साधन, समयका कारण आवश्यकता बमोजिम खोजेको सबै सूचना र विबेचना उपलब्ध नभएको अवस्था छ । यसलाई आगामी दिनमा अद्यावधिक गरिने प्रतिवद्धता व्यक्त गर्दछौं ।

सल्लाह र सुझावका लागि धन्यबाद ।

खण्ड एक.......... vii

पृष्ठभूमि||||||||||

१.१ नलगाड नगरपालिकाको आवधिक योजना.......... vii

१.२ आवधिक विकास योजना तर्जुमा गर्दा अपनाइएको विधि पद्धति .......... viii

१.३ आवधिक योजना तर्जुमा सम्वन्धी कानुनी प्रावधान र तर्जुमा पद्धति.......... ix

१.४ आवधिक योजना तर्जुमाका सीमाहरु.......... xi

१.५ योजना स्वरुप.......... xi

१.६ आवधिक योजना तर्जुमा विश्लेषणमा रहेका प्रभाव पक्षहरु.......... xiii

खण्ड दुई .......... xviii

बर्तमान अवस्था र समस्या||||||||||हखष्ष

२.१ नगरपालिकाको बर्तमान अवस्था .......... xviii

२.३ आवधिक विकास योजनाको सोच .......... xxv

२.४ लक्ष्य .......... xxv

२.५ विषयगत सूचकका आधारमा नलगाड नगरपालिकाको सवल पक्ष,कमजोर पक्ष, अवसर र चुनौतीहरुको विश्लेषण.......... xxv

२.६ विषयगत लक्ष्य .......... xxviii

२.७ लक्ष्य हाँसिल गर्न लिइने प्रमुख रणनीतिहरु .......... xxviii

२.८ प्रमुख नीतिहरु.......... xxix

२.९ आवधिक योजना अवधिका लागि प्राथमिकता क्षेत्र.......... xxx

२.१० नतिजा परिणाम तर्जुमा र लक्ष्य विभाजन .......... 31

खण्ड तीन.......... 38

श्रोत व्यवस्थापन र अनुगमन||||||||||घड

३.१ आवधिक लगानी तथा वार्षिक प्रक्षेपण.......... 38

खण्ड ४.......... 39

नगरपालिकाको वडा स्तरीय अवस्था र चुनौतीका विश्लेषण||||||||||घढ

अनुसूचीहरू .......... 47

माइन्यूट .......... 50


नक्साहरूको सूची


नक्सा १ :नलगाड नगरपालिकाको भौगोलिक अवस्थिती

नक्सा २ : नगरपालिकाको धरातलीय वनोट

नक्सा ३ : नगरपालिकाको जलाधार क्षेत्र

नक्सा ४ : नगरपालिका भित्रको सडक सञ्जाल

नक्सा ५ : नगरपालिकाको भु–उपयोगको अवस्था

नक्सा ६ : वडा स्तरिय अवस्था

नक्सा ७ : वडागत वनजंगलको अवस्था

## खण्ड एक

## पृष्ठभूमि

### १.१ नलगाड नगरपालिकाको आवधिक योजना

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ ले प्रत्येक स्थानीय तहले आवधिक योजना बनाउन र नेपालको संविधानको अनुसूची ८ र ९ मा स्थानीय तहको अधिकार तथा साझा अधिकारहरु उल्लेख गरिएका छन् । स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा संविधान, बमोजिम स्थानीय कानुन बनाई ती अधिकारको कार्यान्वयन गर्नु गराउनु पर्छ । स्थानीय तहले अधिकार सम्वन्धी व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तह वीचको सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात हुनेगरी गर्नुपर्दछ । नगरपालिकाले आफ्नो क्षेत्रको समग्र आर्थिक र सामाजिक समुन्नतिका लागि दुरदृष्टिका साथ आवधिक योजना बनाई सो को क्रमिक कार्यान्वयन गर्न सके मात्र दिगो विकास लक्षहरु हाँसिल गर्न सजिलो हुन्छ । यो पृष्ठभूमिमा नलगाड नगरपालिकाले आफ्नो प्रथम त्रि वर्षिय आवधिक योजना तर्जुमा आ.व.२०७६/०७७ - ०७८/०७९ गरेको हो ।

नलगाड नगरपालिकाको आफ्नै किसिमको भौगोलिक विविधता, प्राकृतिक श्रोत सम्भाव्यता, आर्थिक, सामाजिक विकास र पूर्वाधारको अवस्था रहेको छ । यी विविधता र भिन्नताको संयोजन र सम्वोधन गर्दै आफ्नो क्षेत्रको आर्थिक सामाजिक र पूर्वाधार विकासका लक्ष्य प्राप्त गर्नुपर्ने अवस्था छ । लक्ष्य प्राप्तिका लागि नतिजामूलक काम र उपलब्ध मानव श्रोत साधनको उचित उपयोग गर्दै क्रमबद्ध कार्यान्वयनका लागि यो आवधिक विकास योजनालाई मार्गदर्शक योजनाको रुपमा तयार गरिएको छ ।

आवधिक योजनाले लिएका लक्ष्य र ति लक्ष्य हाँसिल गर्न गरिएको श्रोत अनुमानहरु वार्षिक योजनाहरुसंग मेल खान नसकेकै कारण विगतमा स्थानीय निकायहरुका दिर्घकालिन योजनाहरुको औचित्य बारे प्रश्न उठ्ने गरेको हो । विगतका कमजोर अभ्यास नदोहोर्याई यो आवधिक योजनालाई नगरवासीको जिम्मेवारी पुरा गर्न र निर्वाचित स्थानीय सरकारको आभास दिलाउनुमा केन्द्रित गरिएको छ ।

### आवधिक योजनाका उद्देश्यहरु

- स्थानीय विकासका महत्वपूर्ण सवालहरुका सम्वन्धमा उचित किसिमको निर्णयमा पुग्न सहज बनाउने ।
- विकास कार्यक्रमहरुलाई दिर्घकालिन सोच र उद्देश्य अनुरुप अभिप्रेरित गर्ने ।
- स्थानीय सम्भावनालाई आर्थिक तथा सामाजिक समृद्धिमा रुपान्तरण गर्ने ।
- विकासका अवरोधकको पहिचान समाधानको किटान र श्रोत साधनको विनियोजनलाई मार्गनिर्देश गर्ने ।
- स्थानीय आवश्यकता र प्राथमिकता वीच तालमेल कायम गर्ने ।
- विकास प्रकृयामा नेतृत्व स्वामित्व र सहयोगी भूमिकाबारे स्पष्ट कार्यक्षेत्र किटान र जिम्मेवारी निर्धारण गर्ने ।

- स्थानीय सेवा सुविधालाई सर्वसुलभ,गुणस्तरीय र विश्वसनीय बनाउने ।

### आवधिक योजनाका महत्वहरु

- नलगाड नगरपालिकाको समग्र विकासलाई दिशा निर्देश गर्ने एक संकेतात्मक र निर्देशक योजनाको रुपमा रहनेछ । यसले सकारात्मक परिवर्तनलाई आत्मसात गर्नेछ ।
- योजना गतिविधि तथा कार्यक्रमहरुमा पटक पटक गरिने फेरवदललाई निरुत्साहित गर्न आवधिक लक्ष्य निर्धारण गरिएको छ । आवधिक वर्षको समाप्ति पछि गरिने मूल्याङ्कनका लागि निर्धारित परिमाणात्मक वा विषयगत लक्ष्यहरु मात्र ग्राह्य हुनेछन् ।
- यस योजनाले लिएका लक्ष्य र विभिन्न विषयगत क्षेत्रका लक्ष्यहरु पुरा गर्न नतिजाहरु निकालिएका छन् । ति नतिजाहरु हाँसिल गर्न क्रमिक रुपमा वार्षिक योजनाहरु बनाई कार्यान्वयन गरिनेछ । वार्षिक रुपमा गरिएको लगानीको सदुपयोग बारे मध्यावधि समिक्षाले स्पष्ट पार्नेछ ।
- यसले स्थानीय दलिय राजनैतिक प्रतिवद्धताहरुलाई पनि सहयोग गर्नेछ ।
- यो स्थानीय योजना हो यसको कार्यान्वयन बारे नगरसभा तथा नागरिक समाजले प्रश्न जिज्ञासा उठाउन सक्नेछन् ।

## १.२ आवधिक विकास योजना तर्जुमा गर्दा अपनाइएको विधि पद्धति

आवधिक योजना तर्जुमाका लागि अपनाइएको चरणगत प्रक्रिया र पद्धती नेपाल सरकार र प्रदेश सरकारको नीति लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासंग अनुकुल हुने गरी गरिएको छ । आवधिक योजना तर्जुमाका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ को व्यवस्था तथा नगरपालिकाको आर्थिक ऐनको अधिनमा रही नगरपालिकाको आफ्नो आवश्यकता र क्षमताका आधारमा योजनाको स्वरुप तयारी कार्यविधि स्वीकृत गरी पारित भएको हो । आवधिक योजना तर्जुमा गर्दा दुईवटा मूलभूत मान्यतालाई आधार मानिएको छ ।

क) श्रोत विनियोजन अनुशासन तथा अनुगमन व्यवस्थित गर्न विषयक्षेत्रगत समितिको अवधारणामा योजना तर्जुमा

ख) सहभागितात्मक पद्धतीबाट योजना तर्जुमा

नगर पार्श्वचित्रमा उल्लेखित सूचनालाई विस्तृत स्वरुपको आवधिक योजनाको आधार रेखा सूचनाको रुपमा उपयोग गरिएको छ । आवधिक योजना तर्जुमाको क्रममा वस्तुगत विवरणलाई प्रस्तुतीकरण तथा छलफल पश्चात थप परिष्कृत गरिएको छ । आवधिक योजना तर्जुमा प्रक्रियामा वस्तुगत विवरणको विश्लेषण एवं सहभागितामूलक छलफल गरी सोही आधारमा विषयगत वस्तुस्थिति विश्लेषण गरिएको थियो । आवधिक योजना सरल उपयोगी र कार्यान्व्यनमा सम्भव होस भन्ने उद्देश्यले विषय विज्ञको सहयोगमा तयार गरिएको मस्यौदालाई विद्यायन समितिबाट छलफल गरी प्रक्रियागत रुपले पृष्ठपोषण लिई तर्जुमा गरिएको हो । आवधिक योजना तर्जुमाका लागि नगरपालिकाले देहायको कार्यतालिका स्वीकृत गरेको थियो ।

| मिति | गतिविधि | जिम्मेवारी |
| --- | --- | --- |
| | आवधिक योजना तर्जुमा निर्माणका लागि दुई पक्षिय सम्झौता | नलगाड नगरपालिका र परामर्शदाता |
| २०७६/०२/११ | आवधिक योजना तर्जुमा प्रक्रियाको बारेमा नगरपालिकास्तरमा अभिमुखिकरण | नलगाड नगरपालिका र परामर्शदाता |
| २०७६/०२/१२ | नगरपालिकाको पार्श्व चित्र र अन्य ऐन कानुन गुरुयोजना संकलन | परामर्शदाता |
| २०७६/०२/१२ देखि १८ | वडास्तरमा समूह केन्द्रित छलफल | परामर्शदाता तथा गणक |
| | विषयगत समितिहरुसंग छलफल | कार्यपालिका |
| | आवश्यक सूचना संकलन पछि टेवुल वर्क | परामर्शदाता |
| | आवधिक योजनाको पहिलो मस्यौदा तयार | परामर्शदाता |
| | मस्यौदा कार्यपालिकामा सार्वजनिक | कार्यपालिका |
| | कार्यपालिकाद्धारा स्वीकृत | |

### आवधिक विकास योजना तर्जुमा अभिमुखिकरण कार्यशाला

आवधिक योजना तर्जुमा प्रक्रिया आवश्यक श्रोत साधन सहभागिता र कार्यतालिका लगायतका विषयमा नगरपालिकाले सरोकारवालाहरु संग राय परामर्श गर्नुका साथै तर्जुमाका प्राविधिक पक्षबारे नगर प्रमुख लगायत कार्यपालिकाका सदस्यहरुसंग मिति २०७६ जेष्ठ १० गते अभिमुखिकरण कार्यशालाको आयोजना भएको थियो । अभिमुखिकरणमा आवधिक योजनाको अवधारणा, महत्व, यसको प्राविधिक पक्ष लगायतको विषयमा छलफल गरिएको थियो । साथै सहभागीहरुबाट नगरपालिकाको विस्तृत विवरण र अन्य आवश्यक अभिलेख संकलन तथा सूचना संकलन गरिएको थियो ।

योजना दस्तावेजलाई परिचयात्मक खण्ड, वर्तमान अवस्था र आवधिक योजनाका लक्ष्य र नतिजा खण्ड र श्रोत व्यवस्थापन र अनुगमन खण्ड वडाको समस्या तथा चुनौति गरी ४ खण्डमा विभाजन गरिएको छ । योजना दस्तावेज तयार गर्दा साविक स्थानीय तहमा आवधिक, एकिकृत तथा विषय क्षेत्रगत गुरुयोजनाको प्रारुपलाई सन्दर्भ सामग्रीको रुपमा प्रयोग गरिएको छ । योजनाको मस्यौदालाई कार्यपालिकामा सरोकारवालाहरु संग छलफल गरीएको थियो ।

## १.३ आवधिक योजना तर्जुमा सम्वन्धी कानुनी प्रावधान र तर्जुमा पद्धति

संविधानको धारा ५७ उपधारा ४ ले स्थानीय तहको अधिकार संविधानको अनुसुचि ८ मा उल्लेखित विषयमा रहने र त्यस्तो अधिकारको प्रयोग स्थानीय तहले बनाएको कानुन बमोजिम हुने उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ ले प्रत्येक नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाउनु पर्ने कुरा व्यवस्था गरिएको छ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १६ र १७ ले नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्नुपर्ने, चालु खर्च, पूजिगत खर्च र वित्त व्यवस्थापनका लागि आवश्यक पर्ने रकम सहित छुट्याउनु पर्नेछ । नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले दफा १६ बमोजिमको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षको हुने खर्चको प्रक्षेपण सहितको मध्यकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ ।

पन्ध्रौ पञ्चबर्षिय योजनाको प्रक्षेपणले प्रदेश तथा स्थानीय तहहरु वीच अन्तरसम्वन्धका आधारमा पूर्वाधारको विकास गरी आर्थिक तथा सामाजिक अवसरहरुमा नागरिकको पहुँच अभिवृद्धि गर्ने लक्ष्य लिएको छ । अर्न्तराष्ट्रियरुपमा प्रतिवद्धता जाहेर गरेका दिगो विकासका लक्षहरु (Sustainable Development Goals) हासिल गर्न नगरपालिकाले आ आफ्नो तहबाट सघाउनुपर्ने हुन्छ । राष्ट्रिय योजना आयोगले आउदो पन्ध्रौ योजनालाई पाँच वर्ष (आर्थिक वर्ष २०७६/०७७ - २०८०/०८१) का लागि तर्जुमा गरिरहेको र सो योजनाले स्थानीय तहको संस्थागत विकासका लागि मार्गचित्र प्रस्तुत गरेको छ ।

प्रस्तुत आवधिक योजना तर्जुमामा देहायका कानुन तथा दिग्दर्शनहरु समेतका आधारका रुपमा रहेका छन ।

- नलगाड नगरपालिकाको आर्थिक ऐन, २०७५
- नलगाड नगरपालिकाको विनियोजन ऐन,२०७५
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,२०७५
- नमुना वस्ती विकास कार्यक्रम निर्देशिका,२०७५
- सरसफाई नीति,२०७५
- एकिकृत सहरी विकास योजना, २०७५
- विषयगत क्षेत्रका त्रि वर्षिय रणनीतिक योजनाहरु
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- नेपालको संविधान
- अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन
- नेपाल सरकार नीतिहरु मार्गदर्शन
- संघिय मामिला तथा सामान्य पशासन मन्त्रालयका परिपत्रहरु मार्गदर्शनहरु
- संघिय सरकार र प्रदेश सरकारका आवधिक योजनाहरु
- संघिय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु
- नलगाड नगरपालिकाका नीति तथा कायक्रम
- स्थानीय जनताको आवश्यकता तथा विद्यमान अवस्था

यो आवधिक योजना श्रोत विनियोजन अनुशासन तथा अनुगमन व्यवस्थित गर्न विषयगत समितिको अवधारणामा सहभागितात्मक पद्धतिबाट गरिएको हो । आवधिक योजना तयारीको लागि नगरपालिकाले स्थानीय आवश्यकता र तर्जुमा सम्वन्धी क्षमतालाई ध्यानमा राखी तर्जुमा गर्न

अपनाइने चरणगत प्रकृयार पद्धतीका लागि नगरपालिकाले छुट्टै कार्यविधि बनाई पारित गरेको हो । आवधिक योजना तर्जुमाका लागि अपनाईएको चरणगत प्रक्रिया र पद्धती अनुसूचि -१ मा राखिएको छ । आवधिक योजना तर्जुमामा संलग्न पदाधिकारी, कर्मचारी, विषय विज्ञ र अन्य योगदानकर्ताहरुको नामावली अनुसूचि -२ मा राखिएको छ ।

## १.४ आवधिक योजना तर्जुमाका सीमाहरु

नगरपालिकाले आफ्नो आवश्यकता बमोजिमको तर्जुमा विधि अपनाउँदा राष्ट्रिय एवं प्रदेश आवश्यकताका पक्षहरु साँघुरिएका हुनसक्छन ।

नगरपालिकाको घरधुरी सर्वेक्षण सहितको पार्श्वचित्रमा तथ्याङ्कहरु सिमित रहेको र अद्यावधिक हुन नसकेको कारण दोश्रो तहको तथ्याङ्कका आधारमा विश्लेषणहरु गरिएका छन् ।

आवधिक योजना तर्जुमाका क्रममा अध्ययन तथा तयारीमा प्रयोगमा रहेका विभिन्न रणनीतिक योजनाहरुले संकलन गरेका सूचना र तथ्याङ्कहरु पनि आधारको रुपमा लिएको छ ।

## १.५ योजना स्वरुप

### १.५.१ नतिजामूलक (Result based) एकिकृत योजना

योजना तथा कार्यक्रम र ती संग सम्वन्धित गतिविधि संचालनबाट प्राप्त हुने नतिजाले योजना सञ्चालन गर्नु अघि र सञ्चालन पछिको अवस्थामा सकारात्मक परिवर्तन आएको देखाउन सक्नुपर्छ । यस्तो सामाजिक परिवर्तनहरुलाई नतिजामूलक बनाउने र लक्ष प्राप्तीका पृष्ठपोषणको रुपमा लिदै आवश्यक पूर्वशर्तहरुको पहिचानलाई महत्व दिनुपर्नेछ । प्रस्तुत आवधिक योजनामा योजना अवधिको अन्त्यसम्ममा लक्षित परिवर्तनलाई मापन गरी देखिएका त्रुटि सच्याई नतिजाहरु परिमार्जन गर्दै जान अनुगमन पक्षलाई बलियो बनाइएको छ । अनुगमन प्रणाली प्रचलित सोच तालिका(Log Frame) का आधारमा तयार गरिएको छ । लक्ष्य,नतिजा,गतिविधि तहहरुमा लेखिने विस्तार व्याख्याबाट जोगिन र गर्न खोजिएको काम कम प्राविधिक जटिलता भई सजिलै बुझ्ने किसिमको बनाउने प्रत्येक विषयक्षेत्रको नतिजा संगै आधारवर्षको परिमाणात्मक वा विषयगत अवस्था र आवधिक योजनाको अन्त्यसम्ममा हुने उपलव्धीको प्रक्षेपण राखिएको छ । साथै लक्षित उपलव्धीको वार्षिक प्रक्षेपण पनि गरिएको छ । प्रत्येक नतिजाहरुसंग सम्वन्धित प्रमुख सूचकहरु उल्लेख भएका छन् । यसरी प्रस्तुत आवधिक योजना तर्जुमा गर्दा नगरपालिकाको प्राविधिक र संस्थागत क्षमताले बुझ्ने र कार्यान्वयनमा लैजान सजिलो हुनेगरी बनाइएको छ ।

स्थानीयस्तरमा विकासको समग्र पक्षलाई समेट्ने स्थानगत विशेषताहरुमा आधारित र दिगो विकासको अवधारणा कार्यान्वयन गर्न स्थानीय नेतृत्वको विकास,समावेशिता,संस्थागत विकास जस्ता विषयहरुबाट यो समेटि लक्षहरु निर्धारण गरिएकाछन् ।

### १.५.२ भौगोलिक सूचनामा आधारित श्रोत तथा साधनको पहिचान र भू-उपयोग




नक्सा १ :नलगाड नगरपालिकाको भौगोलिक अवस्थिति

स्थानीय तहका उपलव्ध तथा संम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान गरी भू-क्षेत्रगत विकास द्धारा आर्थिक रुपान्तरणका लागि प्राकृतिक श्रोत लगायत सबै प्रकारका श्रोत र भौगोलिक क्षेत्रगत लगानी (खानेपानी, सिंचाई, कृषि आदि) रणनीति तर्जुमाका लागि विषयगत सूचना संकलन र विश्लेषणका लागि भौगोलिक सूचना प्रणाली (Geographical Information System, GIS) को प्रयोग गरिएको छ । प्राकृतिक श्रोत तथ्य तथ्याङ्क विश्लेषणका लागि नापी विभागबाट प्रकाशित टोपोग्राफिक नक्शाहरु प्रयोग गरिएको छ । Google Earth मा उपलब्ध भू-उपग्रही नक्शाको समेत अध्ययन गरी सो को आधारमा वास्तविकता पहिचान गर्न सिमित स्थलगत भ्रमण गरी एकिन गरिएको छ । व्यवस्थित शहरी विकासका लागि यो आवधिक विकास योजनाले निम्न विषयहरुलाई योजनाको एक महत्वपूर्ण हिस्साको रुपमा समेत समेटेको छ ।

- जोखिम सम्वेदनशिल भू-उपयोग
- ठुलीभेरी र  नलगाड खोलाको तटिय क्षेत्रको जग्गा विकास
- ग्रामिण तथा सहरी विकास यातायात
- मुख्य बजार केन्द्रहरुको विकास

### १.५.३ तुलनात्मक लाभका पक्षको उपयोग

स्थानीय तहको स्थलगत विशेषता, अन्तर पालिका अन्तरसम्वन्ध र स्थान विशेषका खास मौलिक भौतिक संरचना लगायत नगरपालिकाको तुलनात्मक लाभका विषय र विशेषताको उपयोग गरिएको छ । जुन यस प्रकार छन् ।

भेरी र नलगाडको तटिय क्षेत्रमा यस नगरपालिका क्षेत्रमा पर्ने करिव १२ कि.मि भन्दा बढि तटिय क्षेत्रलाई पर्यटनका हिसावले विकास गर्न सकेमा आर्थिक श्रोत परिचालनका लागि बलियो श्रोत हुनसक्छ ।

खलंङ्गा पछिको मुख्य प्रशासनिक क्षेत्र र डोल्पा जोड्ने सडक यहिबाट जाने र डोल्पा जिल्ला रुकुम जिल्लासंग जोडिएको हुदा शहरी स्वरुपमा नलगाड नगरपालिकाको भौगोलिक अवस्थितिले बजार, मौसम अनुसार बसोबास का आर्थिक पक्षहरुलाई पनि ध्यानमा राखिएको छ । नजिकको राडिज्युला, कालीमाटी बजार र दल्ली बजारबाट यस क्षेत्रको दैनिक उपभोगका वस्तु र निर्माण सामाग्रीको भण्डार व्यवस्थापन सेवा उपलव्ध भई आएको सन्दर्भमा त्यस्तो सेवाको प्रतिस्प्रधिका रुपमा दिन सकिन्छ । त्यसका लागि कर संरचनामा पनि छिमेकको नगरपालिकाको दरमा प्रतिस्प्रधि हुनुपर्ने हुन्छ ।

यस नगरपालिकाको कुल क्षेत्रफल ३८७.७७ वर्ग किमि मध्ये ५५.५७ प्रतिशत भन्दा बढि भाग बनक्षेत्र रहेको छ । प्राकृतिक श्रोतको रुपमा रहेको बनजंगलको उपयोगलाई सम्भावनाको रुपमा हेरिएको छ । यसका लागि स्थानीय तहको विकाससंग सम्वन्धित सरकारी, गैरसरकारी, सहकारी र नीजि क्षेत्र समेतको संलग्नतामा तर्जुमा गरिएको र श्रोत साझेदारी र कार्यान्वयनमा साझा दृष्टिकोण निर्माण गरिएको छ ।

## १.६ आवधिक योजना तर्जुमा विश्लेषणमा रहेका प्रभाव पक्षहरु

**उत्पादनशिल सिमित कृषियोग्य जमिन र अव्यवस्थित बसोवास**



नक्सा २ : नगरपालिकाको धरातलीय वनोट

नलगाड नगरपालिकामा उत्पादनशिल कृषियोग्य जमिनको कमि रहेको छ । स्रोत नक्साको विश्लेषणको आधारमा खेती योग्य र बसोबासका लागी करिब २४ प्रतिशत जमिन उपलब्ध रहेको छ । यस नगरपालिकाका भगवती, रग्दा, डाडाँगाउँ, लहँ लगायतका ठाउँहरुमा भिरालो जमिनका कारण कृषि उत्पादनमा समस्या रहेको छ । बनस्पती, जीवजन्तु लगायत जैविक विविधतामा नगरपालिका श्रोतसम्पन्न देखिन्छ । सबै किसिमका वनस्पतिहरु पाइने यस क्षेत्रमा पहाडि कागजका लागि कच्चा पदार्थ लोक्ता, लोपोन्मुख बन्यजन्तु हाब्रे, रातोपण्डा, कस्तुरी, मृग जस्ता जनावरहरु पनि यहाँ पाइन्छन् । नदी तटमा १० देखि २० डिग्री सम्मको ढलियकोण तथा मध्य ढल देखि समथर भू-भागमा पाँगो माटो, बलौटे माटो र नविनतम् चट्टानको संरचना रहेको यो भू-भागमा स-साना समथर जमिनका भागहरु रहेका छन् । कृषि कार्यका लागि केही भाग उत्पादनशिल भए पनि धेरै भाग सुख्खा क्षेत्र नै रहेको छ । कुल कृषियोग्य जमिनको करिव ९७६८.१ हेक्टर भूभागमा मात्र खेती गरिन्छ ।

कृषिलाई विषेश प्राथमिकता दिई उत्पादन बढाउनका लागि नगर कृषि तथा अन्य गैर सरकारी क्षेत्रद्धारा निश्चित क्षेत्रहरुलाई उत्पादन पकेट क्षेत्रको रुपमा घोषणा गरेको छ । उत्पादन पकेट क्षेत्र वितरणका हिसावले यस नगरपालिकामा निम्न बालीका लागि पकेट क्षेत्र घोषणा गरिएको छ ।

| वडा नं | कृषि तथा पशुजन्य उत्पादन |
|---|---|
| १ | मह, भैसी, बाखा, गहुँ, कोदो, |
| २ | मह, भैसी, गहुँ, कोदो,उवा |
| ३ | सुन्तला, भैसी, गहुँ, कोदो,बाखा |
| ४ | बेसार,मह,अदुवा,भैसी,बाखा,गहुँ,कोदो,टिमुर |
| ५ | मकै,भैसी,बेसार,अदुवा,गहुँ,कोदो |
| ६ | सुन्तला,भैसी,बाखा,मकै,गहुँ |
| ७ | धान,बाखा,भैसी,गहुँ,कोदो,टिमुर,मकै |
| ८ | धान,लसुन,टिमुर,भेडा,भैसी,गहुँ,कोदो,मकै |
| ९ | बाखा,टिमुर,लसुन,कोदो,गहुँ, |
| १० | धान,बाखा,गहुँ,टिमुर,लसुन,मकै,कोदो |
| ११ | टिमुर,बाखा,भेडा,अमिलो जातका फलफुल |
| १२ | बाखा,भैसी,गहुँ,कोदो, तरकारी वीऊ,अमिलो जातका फलफु |
| १३ | भेडा,बाखा,गहुँ,कोदो,तरकारी वीऊ उत्पादन,अमिलो जातका फलफुल |

यस नगरपालिकाको प्रमुख श्रोतको रुपमा रहेको वनक्षेत्रको सुकुम्वासी तथा विकास निर्माणको नाममा अतिक्रमण भएको भूभागलाई संरक्षण गर्नका लागि नमुना बस्तीको अवधारणा ल्याइएको छ ।

**सिंचाईयोग्य जलश्रोत**




नक्सा ३ : नगरपालिकाको जलाधार क्षेत्र

वर्षैभरी बग्ने पानी भेरी नदी बाहेक,नलगाड लगायतका अन्य साना खोलाहरुबाट पनि जल उपयोगबाट कृषि, उर्जा, पर्यटन तथा उद्योग जस्ता क्षेत्रको विकासको संभावना देखिन्छ । यहाँका अधिकांश भूभागमा सिंचाई पुग्न सकेको छैन । उत्तरी क्षेत्रबाट बग्दै आएको नलगाड खोला र पुर्वि उत्तरबाट बग्दै आएको भेरी नदिमा पानीको बहाव धेरै भएता पनि खेतियोग्य जमिनको सतह भन्दा धेरै तल भएको हुदा खासै उपयोगमा आउन सकेको छैन । त्यसैगरी अन्य स साना खोलाहरुबाट केही भाग मात्र सिंचाई उपलव्ध छ ।

## बाढी, नदि कटान र भू-क्षय

मानव सिर्जित प्राकृतिक श्रोतको अत्याधिक दोहनका कारण र जलवायु परिवर्तनको असर, प्राकृतिक श्रोत वातावरण र अनुकुलन तथा समयानुकुल अभ्यासमा कमिका कारण वातावरणीय ह्रास हुदै गएको छ । नगरपालिकाको सम्वेदनशिल विभिन्न क्षेत्र र प्राकृतिक श्रोतको अनियन्त्रित प्रयोगले विपदको जोखिम बढेको छ ।

## आर्थिक पूर्वाधार र सामाजिक क्षमता विकास




नक्सा ४ : नगरपालिका भित्रको सडक सञ्जाल

सडक, विद्युत तथा संचारका पूर्वाधारहरुको न्यून उपलब्धताका कारण सडक यातायात, सूचना तथा संचार प्रणाली र प्रविधिको उपयोगको अवसर र सम्भावनालाई अघि बढाउन सकिने देखिन्छ । छिन्चु डोल्पा राजमार्गको करिव २२ कि.मि भाग यस नगरपालिकामा पर्दछ । जिल्ला सदरमूकाम खलंगा देखि करिव ३० किमिको दुरीमा यो नगरपालिका रहेको छ । भेरी नदीको तटिय क्षेत्र र नलगाड हाइड्रोपावर बन्ने स्थान पनि नजिकै रहेको हुदाँ पर्यटन र विद्युतको माध्यमबाट आर्थिक रुपले सवल योजना बनाउन सकिन्छ । साथै विविधतायुक्त प्राकृतिक श्रोत, स्थानीय सस्कृति, स्थानीय एवं क्षेत्रस्तरमा पर्यटन विकासका लागि सम्भावना छ । नगरपालिकाको सामाजिक सशक्तिकरणका लागि नागरिकस्तरबाट विभिन्न मञ्च, समूह, आमा समूह, विषयगत समूह, सहकारी लगायत अन्य अधिकारमूखि संजाल तथा गैर सरकारीसंस्थाहरुको पनि क्रियाशिलता बढ्दो छ ।

### बढ्दो युवा बेरोजगारी

आन्तरिक श्रोत परिचालन सम्वन्धि उपयुक्त कार्यक्रम तर्जुमा र उपलव्ध जलश्रोतलाई उपयोगमा ल्याउनका लागि प्रयाप्त लगानी हुन नसक्दा कृषि, उद्योग, पर्यटन, विद्युतका क्षेत्रमा रोजगारी सिर्जना हुन सकेको छैन । अधिकांस युवाहरु खाडी मुलुकको रोजगारमा रहेको भएता पनि पारिवारिक

गुजाराका लागि भारत जानु परम्परानै रहेको छ । पछिल्लो समय बैदेशिक रोजगार आर्कषणको विन्दु भएको हुदा परिणामस्वरुप स्थानीय श्रम आपुर्तिमा असर परेको छ । व्यवसायमूलक र रोजगारमूलक शिक्षाको कमि कृषिलाई व्यवसायीकरण तथा आधुनिकिकरण गर्न नसकिएको कारणले बढेको युवा बेरोजगारीलाई व्यवस्थापन गर्न निर्देशित कार्यक्रम तर्जुमा आवश्यक छ ।

### साझेदारीको कमि

नगरपालिका क्षेत्रमा क्रियाशिल गैससहरु सानो श्रोतका आधार भएकाछन् । तिनिहरुको साझेदारी पनि छोटो समयका अल्पकालिन हुने भएको हुदा दिर्घकालिन प्रभाव पार्ने खालका योजनाहरु छैनन् । अधिकांश उनिहरुका कार्यक्रमहरु चेतनामूलक र वितरणमूखि हुने भएको हुदा ठोस उपलव्धी हासिल गर्न सकिरहेको छैन ।

### आर्थिक पक्ष

यस नगरपालिकाको संरचना हुनुभन्दा पहिले विभिन्न ५ वटा गाविसको आर्थिक पक्ष कमजोर नै थियो । डाडागाउँमा महको सम्भावना भएको, लहँमा तरकारी खेति र माछाको पालन संरक्षण खगेनकोट रग्दा भगवतीका बस्तीहरु सिजनलरुपले डोल्पामा यार्सा टिप्न जाने गरेको पाइन्छ । अहिले पनि भूगोलको हिसावले ठुलो क्षेत्रफल ओग्टन पुगेको यो नगरपालिका सेवा प्रवाह गर्दा प्रति इकाई लागतमा हुने वृद्धि र १३ वटै वडाको समग्र श्रोत परिचालन सम्भावना वीचको तालमेल मिलाउने भन्ने विषयमा नै यो आवधिक योजनाको सफलता निर्भर रहने देखिन्छ ।

# खण्ड दुई

## बर्तमान अवस्था र समस्या

## २.१ नगरपालिकाको बर्तमान अवस्था

कर्णाली प्रदेशको जाजरकोट जिल्लाको पूर्व भागमा अवस्थित नलगाड नगरपालिका साविक ५ वटा गाविस डाँडागाउँ, लहँ, खगेनकोट, रग्दा र भगवती मिलेर बनेको हो । जम्मा १३ वटा वडामा विभाजित यस नगरपालिकाको ३८७.४४ वर्ग किलोमिटर भूगोलमा फैलिएको यो नगरपालिका जाजरकोट जिल्लाका वारेकोट र कुशे गाउंपालिका तथा भेरी नगरपालिकासंग जोडिएको छ ।




नक्सा ५ : नगरपालिकाको भु–उपयोगको अवस्था

जम्मा २८९५० जनसंख्यामा महिला १४४३४ र पुरुष १४५१६ रहेका छन् । यो नगरपालिका जाजरकोट जिल्लाका वारेकोट र कुशे गाउँपालिका तथा भेरी नगरपालिका संग जोडिएको छ । यो नगरपालिका सदरमुकाम रहेको भेरी नगरपालिकाको १ र २ नंम्वर वडासंग र कुशे गाउंपालिकाको ५, ७ र ८ एवं वारेकोट गाउंपालिकाको वडा नम्वर १, ८ र ९ संग जोडिएको छ ।

जातिय जनसंख्याको हिसावले यस नगरपालिकामा ठकुरी, क्षेत्री जनजाति र दलित समुदायले मिश्रित रुपमा बसोवास गर्दै आएको र बाहुल्यता रहेको पाइन्छ । तुलनात्मक हिसावले ठकूरी, क्षेत्री, दलित जनजातिको जनसंख्या यस नगरपालिकामा पहिलो स्थानमा रहेको पाइन्छ । यस नगरपालिकामा नेपाली भाषी र हिन्दू धर्म मान्ने मानिसहरु अत्यधिक छन् । तर धार्मिक रुपमा इसाई धर्मावलम्वीहरुको संख्या क्रमश वढेको पाइन्छ ।

यस नगरपालिकाका वहुसंख्यक मानिसको मानवीय विकास अवस्था कमजोर छ । मानवीय विकासका निकै सम्भावनाहरु विद्यमान भए पनि गरिवी, अशिक्षा, अज्ञानता, जमीनको भिरालोपना वढी भएको, प्रविधिमा पहुंचको कमी, श्रोत साधनको वैज्ञानिक परिचालन नहुंदा, भौगोलिक दुर्गमता, कमजोर शासन र सार्वजनिक सेवाका जस्ता कारणले यहांका वहुसंख्यक जनताको जीवन जोखिममा छ ।

## नगरपालिकाको आधारभूत जानकारी

| | |
|---|---|
| क्षेत्रफल | ३८७.४४ वर्ग किलोमीटर |
| घरधुरी | ५१०२ |
| प्रति परिवार जनसंख्या | ५.६७ |
| गरीविको रेखामुनि रहेको जनसंख्या | ३७ प्रतिशत जिल्लाको |
| कृषि पेशामा संलग्न जनसंख्या | ९३ प्रतिशत |
| तीन महिना मात्र खान पुग्ने घरधुरी | ८८६ घरधुरी |
| बैदेशिक रोजगारमा रहेको जनसंख्या | महिला २३२, पुरुष ९७९ जम्मा १२२१ |
| वडा संख्या | १३ |
| उत्पादनशिल उमेर जनसंख्या (१९-४५) | १०८०२ |
| २०७४ सम्मको मतदाता संख्या | १३२६४ |
| जस्ता पाताले छाएका घर | १६८ |
| खर वा फुसले छाएका घर | २१९८ |
| ढुगाले छाएका घर | २६९३ |
| ढलान घर | ४३ |
| साक्षरता दर | ६६.३१ |
| धुवारहित चुलो प्रयोगकर्ता | ५२० |
| पक्की शौचालय संख्या | ३४९ |
| धर्मावलम्वी | ९५ प्रतिशत हिन्दु अन्य क्रिश्चियन,बौद्ध |
| सडकको पहुँच नभएका वडा | १, ४, ५, ६, १३ |
| विद्युत सेवा उपभोग | ३७७७ घरधुरी |
| बन क्षेत्र | २१५२६.५ हेक्टर |
| खेती योग्य जमिन | ९७६८.१ हेक्टर |
| बस्तीको क्षेत्र | ३३१.८ हेक्टर |
| पानीको सतह | १३१.३ हेक्टर |
| बगर क्षेत्र | १२.७ हेक्टर |
| मौसमी विवरण बार्षिक अधिकतम तापक्रम<br>न्युनतम तापक्रम | २७ डि. सेल्सीयस<br>६ डि. सेल्सीयस |
| भू बनोट | समुद्र सतह देखि ७६० मिटर देखि ५२१२ सम्म उचाई |

स्रोतः GIS, Municipality Profile, IUDP Plan 2075

नगरपालिकाले प्रदत्त संवैधानिक वित्तिय अधिकारको उपयोग गरी आन्तरिक आय संकलन तथा परिचालन पुर्णरुपले गर्न सकेको देखिदैन । स्थानीय सरकार संचालन ऐनमा व्यवस्थित एकिकृत सम्पत्ती कर, घरजग्गा बहाल कर, व्यवसाय कर लगायत कुनैपनि प्रकारका करहरु लागु भईसकेको अवस्था छैन । पटके सवारी कर, बहाल कर, विज्ञापन कर, मनोरञ्जन कर आदि नगर सभाबाट निर्धारण भईसकेको भए पनि पूर्णरुपले कार्यान्वयनमा आउन सकेको छैन ।

## विषय क्षेत्रगत प्रमुख समस्याहरु र तिनका कारणहरु

| प्रमुख समस्याहरु | कारण |
|---|---|
| **आर्थिक विकास** | |
| स्थानीय खाद्यान्न तथा अन्य खाद्य उत्पादनले नपुग्नु | • आकाशे पानीको भरमा र सिंचाई परम्परागत खेती प्रणाली रहेको<br>• उन्नत वीऊ विजनको प्रयोगमा कमि<br>• कृषि उपजले उचित मूल्य नपाएको<br>• कृषि उपकरण मेशनरी औजार प्रयोगबारे कम जानकारी रहेको<br>• मासु तथा दुधजन्य आहार उत्पादन सिमित रहेको |
| पोषण स्थितिमा सुधार नहुनु | • स्थानीय मकै, फापर, कोदो जस्ता अन्न बाली उपभोग गर्ने बानी हराउदै<br>• घरमा उत्पादित तरकारी, अण्डा मासुको प्रयोग कम हुदै गएको<br>• बजारमा भएको शुन्य पोषण भएको चाउचाउ, बिस्कुट जस्ता तयारी खाजा बालबालिकाहरुको लागि लोकप्रिय हुदै गएको<br>• निर्धारित बालस्वास्थ्य सम्वन्धि पोषणबारे समुदायमा ज्ञानको कमि |
| आर्थिक सामाजिक विकासका लागि गठित समुदायस्तरका समूह तथा सहकारी निष्कृय रहनु | • समूह तथा सहकारीको नेतृत्वको निरन्तरता नहुनु<br>• समूह तथा सहकारी अनुदानमुखि बन्दै गएको<br>• सक्रिय समूह तथा सहकारीलाई प्रोत्साहन नमिलेको<br>• जनचेतनामा कमि रहेको |
| स्थानीय बेरोजगारी बढ्दै जानु | • स्थानीय मानव श्रोतसाधनको क्षमता र सीप सम्वन्धि खोजी नहुनु<br>• व्यवसायिक उत्पादन सम्वन्धि कलकारखाना यस क्षेत्रमा नहुनु<br>• अदक्ष श्रमका लागि नजिकमा सहरी क्षेत्र र बजार नहुनु<br>• पर्यटकिय क्षेत्रको पहिचान पूर्वाधारको निर्माण तथा प्रचार प्रसार नहुनु<br>• लघु उद्यम स्थापना तथा सिमित संख्यामा रहेका उद्यममा विस्तार गर्न नसकिनु । |
| वीत्तय कर्जा तथा सहुलियत ऋण सुलभ तरिकाले उपलव्ध नहुनु र गरीव तथा पिछडा वर्गको पहुँच नहुनु । | • केही ऋणीहरुले कर्जाको सही सदुपयोग नगर्दा पुनःकर्जाका लागि कोष सकिनु ।<br>• वित्तिय संस्था सदरमुकाम र बजारमा केन्द्रित हुनु<br>• कर्जाको सुरक्षा नहुनु |

| प्रमुख समस्याहरु | कारण |
|---|---|
| | • साना व्यवशायीलाई उद्यम परियोजना र व्यवसाय सम्वन्धि वित्तिय ज्ञान नहुनु ।<br>• उत्पादनमूलक लगानीमा कमि रहनु । |
| **सामाजिक विकास** | |
| २ वर्ष भन्दा मूनिका बालबालिकाहरुको पोषणमा कमि | • स्थानीय पोषित खानेकुराको प्रयोग नहुनु<br>• आमाहरुमा पोषण सम्वन्धि ज्ञानको कमि<br>• भौगोलिक विकटताका कारण प्रति महिना स्वास्थ्य स्वयंमसेविका परिचालन गर्न नसकिनु |
| स्वास्थ्य सेवाका लागि चिकित्सक उपलव्ध नहुनु | • चिकित्सा सम्वन्धि भौतिक संरचनाको अभाव<br>• स्वास्थ्य केन्द्रहरुमा चिकित्सकको अभाव |
| अपेक्षित सिकाई उपलव्धिमा कमि | • सिकाई उपलव्धिबारे अभिभावक शिक्षक लगायत सरोकारवाला पक्षहरुको चासोमा कमि<br>• त्रि पक्षिय सम्वन्धको कमि<br>• विद्यार्थिहरु नियमित विद्यालय नआउने<br>• गरीव विद्यार्थिहरुलाई खर्च नपुग्नु<br>• छोरालाई पठनपाठनमा प्राथमिकता दिने सामाजिक संस्कार |
| सुरक्षित खानेपानीको आपुर्ति नहुनु | • खानेपानी श्रोत प्रयाप्त भए पनि संरक्षणमा कमि<br>• निर्मित धाराहरु मर्मत सम्भार हुन नसकेको<br>• योजना प्रति अपनत्व नहुनु<br>• उपयुक्त र दीर्घकालिन श्रोतको खोजी नगरिनु |
| बाल विवाह प्रथा नरोकिनु | • पारिवारिकस्तरमा आशिक्षा रहनु तथा गरीवि<br>• १८ वर्ष मुनिका बालबालिकाबाट मोवाइल तथा आधुनिक सञ्चारको दुरुपयोग हुनु र यौन विषय<br>• बालमैत्री स्थानीय कानुन नहुनु |
| खेलकुदमा पूर्वाधारको कमि | • खेलकुदको महत्व नवुझ्नु<br>• खेलकुदमा प्रयाप्त बजेट विनियोजना नहुनु<br>• खेलकुदका लागि समथर भूमि नहुनु<br>• खेलकुद सामाग्री नहुनु |
| सस्कृति संरक्षणमा कमि तथा कुरिती र अन्धविश्वासमा व्यापकता | • सस्कृतिको महत्व नवुझ्नु<br>• विद्यालयस्तरमा सस्कृति संरक्षण सम्वन्धिमा अध्ययन नहुनु |

| प्रमुख समस्याहरु | कारण |
|---|---|
| | • कुरीति र अन्धविश्वासलाई आत्मासात गर्नु |
| जेष्ठ नागरिक आत्म सम्मानका साथ बाँच्न पाउने अवस्था निर्माण नहुनु | • स्वास्थ्य हेरचाह र परिवारका अन्य सदस्यबाट सहयोग नरहनु<br>• जेष्ठ नागरिक सम्वन्धिका उचित नियम नहुनु<br>• नैतिक शिक्षाको महत्व दर्शाउने पाठ्यक्रम नहुनु<br>• वृद्ध आश्रयस्थल नहुनु |
| दलित र अन्य सिमान्तकृत समुदायको सशक्तिकरण नहुनु | • लक्षित वर्गका लागि संञ्चालित कार्यक्रमहरु प्रभावकारी नुहनु<br>• तालिम कार्यक्रमहरु अधिकार प्राप्ति उन्मुख मात्र हुनु<br>• बजेट योजना तर्जुमामा प्रतिनिधित्वको अवसरमा कमि हुनु |
| लैगिक विकासको अवधारणामा कार्यक्रमहरु तर्जुमा नुहुनु | • महिला र पुरुषको समान सहभागिता नहुनु<br>• लैगिगता सम्वन्धी जनचेतना कार्यक्रमहरु प्रभावकारी नहुनु<br>• लैगिकमैत्री समाज निर्माण गर्न नसक्नु |
| शिक्षित समुदायहरुमा समेत वर्गिय विभेदजन्य कुराहरुको अन्त्य गरी समावेशिकरणको अवधारण | • सबैको समान सहभागिता नहुनु<br>• सबै वर्ग समुदायको समान अपनत्व नहुनु |
| **पूर्वाधार विकास** | |
| प्रत्येक वस्ति स्तरमा स्तरिय सडक पुल, पहुँच विस्तार गर्न नसकिनु | • स्थानीय तहमा सडक निर्माणका लागि प्रयाप्त बजेट नहुनु<br>• भौगोलिक विकटताका कारण निर्माण खर्चिलो हुनु<br>• स्थानीय जनसहभागिता नजुट्नु |
| विद्युत सेवा सबै तिर नपुग्नु | • स्थानीयस्तरमा साना विद्युत आयोजनाहरुको कमि<br>• एकिकृत बसोबास नहुनाले गर्दा प्रशारण खर्चिलो हुनु<br>• स्थानीयस्तरमा प्राविधिक जनशक्तिको कमि |
| सिमित सामाजिक विकासका पूर्वाधारबाट आधारभूत सेवा सुविधा पुर्‍याउन नसकिनु | • विद्यालय, सार्वजनिक सामुदायिक कार्यालयहरु निर्माण तथा भौतिक संरचना निर्माणका लागि स्थानीय तहमा प्रयाप्त बजेट उपलव्ध नहुनु<br>• भौगोलिक विकटता<br>• कानुनी जटिलता<br>• जनसहभागिताको कमि |

| प्रमुख समस्याहरु | कारण |
|---|---|
| | • व्यवस्थिति भू व्यवस्थापन योजना नहुनु |
| खेतीयोग्य जग्गामा सिंचाई नहुनु | • सिंचाईका लागि भौगोलिक रुपले समस्या<br>• सिंचाईका लागि श्रोत भन्दा जमिन उर्चाइमा हुनु |
| संचारको पहुँच नभएको | • भौगोलिक विकटता<br>• दक्ष मानव श्रोत साधन नहुनु<br>• प्रयाप्त बजेट नहुनु |
| बन वातावरण तथा विपद् व्यवस्थापन | |
| बाढि पहिरोको प्रकोप निरन्तर रहनु | • जलाधार क्षेत्रको विनाश<br>• गैर प्राविधिक तरिकाबाट सडक तथा खोला खहरे नियन्त्रण पूर्वाधार निर्माण रोक्न नसक्नु<br>• ढुगां गिटी बालुवा खानीको अव्यवस्थित उत्खनन<br>• अतिवृष्टि,अनावृष्टि |
| पूर्वाधार क्षति रोक्न नसक्नु | • सुरक्षित बसोवास नीति लागु हुन नसक्नु<br>• कमजोर भूबनोट<br>• वातावरणीय मूल्याङ्गनका आधारमा व्यवस्थित योजना निर्माण नहुनु । |
| जलाधार क्षेत्र सुक्दै जानू | • बन विनाश<br>• बर्षा कमि हुनु<br>• अव्यवस्थित उत्खनन<br>• जलाधार क्षेत्र संरक्षण सम्वन्धि योजनामा लगानी नहुनु<br>• पोखरी संरक्षणको कमि |
| जलवायु परिवर्तनको असर | • जलवायु परिवर्तनको असर न्युनिकरण सम्वन्धि सबै कृषक तहसम्म जानकारी पुग्न नसक्नु<br>• जलवायु परिवर्तन र यसका लागि अनुकुलनका नमुना कार्यक्रम संचालन नभएको<br>• जलवायु परिवर्तनको कारण स्थानीय पानीका मुहान तथा कुवाहरु सुक्ने स्थितिमा हुनु |
| आगलागीबाट जनधनको सुरक्षा गर्न नसक्नु | • अग्नी रेखा समयमा तयार गर्न नसक्नु<br>• जंगलमा आगो लगाउने चलन हुनु<br>• जंगल नजिक फुस र खरका छाना भएका घर हुनु<br>• अग्नी नियन्त्रण यन्त्र नहुनु<br>• विपद व्यवस्थापन कार्यदल र योजनाको व्यवस्थापन भए पनि प्रयाप्त बजेट, |

| प्रमुख समस्याहरु | कारण |
|---|---|
| | कोषको व्यवस्थापन नहुनु |
| सडक दुर्घटना बढ्ने संभावना | • रुट प्रमिट नहुदै ठूला गाडि संचालनमा ल्याउनु<br>• बाटोको स्तरउन्नति नहुनु<br>• अधिकांश सडक पहाड फोडेर नदि किनारमा बन्नु |
| बजार क्षेत्रमा फोहरमैला व्यवस्थापन नहुनु | • प्लाष्टिकजन्य वस्तुको अत्याधिक प्रयोग गरिनु<br>• अव्यवस्थित बसोबास र फोहर फाल्ने ठाँउ नतोकिनु<br>• व्यवस्थित ढल निकासको कमि<br>• फोहर मैला व्यवस्थापन, संकलन र प्रशोधन केन्द्र संचालन नभएको |
| **सुशासन तथा संस्थागत विकास** | |
| विषयगत कार्यालय तथा संघ संस्थाहरुबाट सेवाग्राहीलाई उचित सेवा प्रवाह नहुनु | • संस्थागत संरचनाको कमि र दरवन्दी अनुसारको कर्मचारी नहुनु<br>• सेवा प्रदायक कर्मचारीहरुमा सामाजिक जवाफदेहिताको भावनामा कमि<br>• कार्यालयहरुमा सेवा दिनका लागि आवश्यक सामाग्रीको कमि<br>• सेवा प्रदान गर्नका लागि नगरपालिकाबाट कार्यविधि बनाई लागु नगरिनु<br>• वडा कार्यालयले ओगटेको भौगोलिक क्षेत्र ठूलो हुनु |
| सेवा प्रदायक संघसंस्था तथा विषयगत कार्यालयमा सामाजिक जवाफदेहिताको औजारको प्रयोगको कमि | • संविधान, स्थानीय सरकार संचालन ऐन बनेको भए पनि स्थानीय कानुनहरु, कार्यविधिहरु नवन्नु<br>• कानुनद्धारा निर्धारित खर्च वितरणहरु सार्वजनिक हुन नसकेको<br>• सुशासन कार्यविधि नवनेको<br>• सरोकारवालाहरुको संयुक्त अनुगमन नहुनु<br>• अनुगमन प्रभावकारी कार्यविधि बनाई सामाजिक परिक्षण, सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाईलाई प्रभावकारी ढंगले कार्यान्वयन नगर्नु<br>• सेवाग्राही सन्तुष्टी मापन गर्ने परिपाटी नभएको |
| सर्वसाधारण जनतालाई शान्ती सुरक्षा दिन नसक्नु | • भौगोलिक दुरि तथा छरिएका वडा एवं वस्तीहरुमा सुरक्षा निकाय तथा प्रशासनबाट प्रभावकारी सुरक्षा उपलव्ध |

| प्रमुख समस्याहरु | कारण |
|---|---|
| | नहुनु ।<br>• प्रभावकारी एवं सम्पन्न व्यक्तिबाट सुरक्षाकर्मि तथा प्रशासन प्रभावित हुनु<br>• सुरक्षा निकायको मानवश्रोत साधनको कमि<br>• सुरक्षा र शान्तिको प्रत्याभूत गराउन सुरक्षाकर्मीको संख्या र अपराध रोकथाम एवं नियन्त्रण सम्वन्धि उपकरण तथा तालिम प्राप्त जनशक्तिको कमि |
| सार्वजनिक कार्यालय र संघ संस्थाहरुको वित्तिय व्यवस्थापनमा कमजोर हुनु । | • गैर सरकारी संस्थाहरु सरकारी मापदण्ड भन्दा बाहिर रहेर चल्नु<br>• विभिन्न गैसस र सहकारी वीच समन्वय र सहकार्यको कमि |

## २.३ आवधिक विकास योजनाको सोच

**"समृद्ध र सफा नगर, दिगो विकास र सुशासनको लहर"**

नलगाड नगरपालिकाले स्थानीय सरकारको रुपमा गठन भए देखि नै आफ्नो समग्र विकासको दीर्घकालिन सोचलाई स्थापित गरि आएको छ ।

## २.४ लक्ष्य

स्थानीय श्रोत साधनको उचित प्रयोग र व्यवस्थापन गरी सफा,स्वच्छ,सवल र सुदृढ विकास गरी सुशासन मैत्री वातावरणमा टेवा दिदै दिगो विकास हासिल गर्ने ।

## २.५ विषयगत सूचकका आधारमा नलगाड नगरपालिकाको सवल पक्ष,कमजोर पक्ष, अवसर र चुनौतीहरुको विश्लेषण

| सूचकहरु | सवल पक्ष | कमजोर पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| भौतिक पूर्वाधार | • सडक संजाल विस्तारका लागि निर्माण कार्यको शुरुवात भएको<br>• विद्युत उत्पादनका लागि प्रचुर संभावना | • कमजोर भू धरातल र भौगोलिक विकटता<br>• वडा कार्यालयका आफ्नै भवन नहुनु<br>• छरिएको वस्ती<br>• समथर भू भागको कमि<br>• भौतिक संरचनाको कमि जस्तै स्वास्थ्य, शिक्षा, कृषि, सिंचाई र पर्यटन | • सबै वस्तीको सडकमा पहुँच हुन सक्ने संभावना<br>• विद्युत उत्पादनका लागि श्रोत जुटाउन सकिने<br>• सिंचाईको व्यवस्था गरी कृषि उत्पादन बढाउन सकिने<br>• पर्यटनका पूर्वाधार तयार गरी पर्यटक आर्कषण गर्न सकिने<br>• जडिवुटि प्रशोधन केन्द्र | • सूचना तथा व्यवस्थापनको कमि<br>• प्राकृतिक श्रोतको अव्यवस्थित दोहन<br>• उपलब्ध संरचनाको सदुपयोग नभएको<br>• खोला तथा नदिको कटान |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थापना गर्न सकिने । | |
| सामाजिक | • शैक्षिक संस्थाहरुको भवन तथा सेवा<br>• स्वास्थ्य संस्थाहरुको भवन तथा सेवा | • गरीवि<br>• अशिक्षा<br>• पर्याप्त स्वास्थ्य सेवाको कमि | • स्वास्थ्य सेवालाई गुणस्तरमा सुधार गर्न सकिने<br>• शिक्षण संस्थाहरुको सुधार गर्न सकिने<br>• सामाजिक संघ संस्था र समूह निर्माण गर्न सकिने | • संचारको कमि<br>• जनचेतनाको कमि<br>• प्रविधिको कमि<br>• खोज तथा अनुसन्धानको कमि<br>• परम्परागत सोच र अन्धविश्वास |
| आर्थिक | • बजार केन्द्रित वस्ती विकास<br>• शहरीकरणको शुरुवात<br>• वित्तिय संस्थाहरुको उपलव्धता | • बेरोजगारी<br>• सम्पुर्ण वडाहरुमा बजार केन्द्र नहुनु<br>• सम्पुर्ण वडाहरुमा वित्तिय सेवा नपुगेको<br>• उत्पादनमूलक उद्यमहरु नहुनु<br>• व्यापार व्यवसायमा ज्ञान सीपको कमि | • बजार विस्तारको सम्भावना<br>• कृषिमा आधारित साना उद्यमहरुको संभावना<br>• सहकारीहरुको स्थापना | • आर्थिकरुपले कमजोर समुदाय<br>• अप्रयाप्त पूजि<br>• क्षेत्रिय तथा प्रादेशिक बजार केन्द्र देखि टाढा |
| वन वातावरण र प्राकृतिक श्रोत | • प्रयाप्त मात्रामा पानीको श्रोत हुनु ।<br>• प्रयाप्त मात्रामा जंगल तथा वन पैदावार<br>• जैविक विविधतायुक्त<br>• पर्यटकिय सम्भावना रहेको लेक चूचुरा र भू बनोट<br>• खानी तथा खनिज पदार्थ | • पानीको श्रोतको उचित प्रयोग गर्नका लागि लगानी तथा प्रविधिको कमि<br>• उपलब्ध बनजन्य श्रोतको सही उपयोग गर्ने ज्ञान सीपको कमि<br>• अध्ययन अनुसन्धान नभएको खानी पैदावारको | • उपलब्ध श्रोत साधनलाई उपयोगका लागि नीति बनाउन सकिने ।<br>• प्राकृतिक श्रोतको उपयोगका लागि लगानी जुटाउन सकिने<br>• विभिन्न योजनाहरुको आधारमा लगानी जुटाई कार्यान्वयन गर्न सकिने | • भौगोलिक विकटता<br>• भिरालो भू बनोट<br>• नदि तटिय क्षेत्रको बस्तीबाट सिर्जित फोहर<br>• गैर कानुनीरुपले प्राकृतिक श्रोतको दोहन<br>• बन तथा जैविक विविधताको संरक्षणमा जोड नदिनु |
